# धनगढी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
धनगढी, कैलाली
सुदुर पश्चिम प्रदेश, नेपाल ।

प.सं.: २०७७/७८
च. नं. .............

मिति : २०७७।११।०५

**विषय : सूचनाप्रकाशितगर्ने सम्बन्धमा ।**

**श्री वडा कार्यालयहरु सबै**
**धनगढी उप-महानगरपालिका, कैलाली ।**

प्रस्तुत विषय सम्बन्धमा श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) को मिति २०७७।१०।२९, च.नं. २५८ को पत्रानुसार रोजगारीको हक सम्बन्धी ऐन, नियमावली र प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका बमोजिम आर्थीक वर्ष २०७८/७९ कालागि बेरोजगार व्यक्तिको सूचीमा सूचीकरण हुने सम्बन्धि संलग्न सूचना प्रकाशित गरिदिनुहुन अनुरोध छ । साथै निवेदन दिने समय २०७७ फागुन मसान्त सम्म रहेको हुँदा अन्तिम मिति सम्म प्राप्त निवेदन वडा कार्यालयमा अनिवार्य रुपमादर्ता गरी वडा समितिबाट छानविन गरि प्रमाणित गरेर तपसिल बमोजिमको ढाँचामा विवरण तयार गरी मिति २०७७ चैत्र १० गते भित्र सम्पूर्ण प्रमाणित निवेदन र विवरण यस कार्यालयमाबुझाउनु हुन अनुरोध छ ।

**तपसिल:**

| क्र.सं. | दर्ता नं. | बेरोजगार व्यक्तिको नाम थर | बेरोजगार व्यक्तिको जन्ममिति | नागरिकता नं. | परिवारका जम्मा सदस्य संख्या | वार्षिक पारिवारिक आय रु. | सम्पर्क. न. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |

..................
हरि बहादुर चन्द
प्रमुख प्रशासकीय चन्द
हरि बहादुर चन्द
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ :**
**श्री सूचनाप्रविधिशाखा, धनगढी उप-महानगरपालिका :- सूचनाwebsiteतथासामाजिक सञ्जालमाप्रकाशनगरिदिनुहुन ।**

प्रमुख प्रशासकीय अधिकृत :-०९१-५२०४२९,योजनाशाखा ०९१-५२५५०६,आ.ल.प.शाखा:-०९१- ५२०७२९,
प्रशासन :- ०९१-५२०७३३,लेखा:-०९१-५२१५२९,फ्याक्स :- ०९१-५२०४२९दमकल :- १०१, रोजगार सेवा केन्द्र: ०९१-५२६९२६
वेव साईट www.dhangadhimun.gov.np email address: rojgarsewakendradhn@gmail.com

मिति : २०७७।११।०५

# आ.व. २०७८/७९ कालागि बेरोजगार व्यक्ति सूचीकरण सम्बन्धि सूचना !

रोजगारीको हकसम्बन्धी ऐन, २०७५ सो को नियमावली तथा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ (पहिलो संशोधन, २०७७ सहित) बमोजिम आर्थीक वर्ष २०७८।७९मा न्यूनतम रोजगारीमा आवद्ध हुन चाहने इच्छुक १८-५९ वर्ष उमेर समुहका बेरोजगार व्यक्तिले आफु स्थायी बसोबास गरेको स्थानीय तहको सम्बन्धीत वडा कार्यालयमा **मिति २०७७ फागुन महिना भित्रमा** बरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुन निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ । निवेदनको ढाँचा सम्बन्धीत वडा कार्यालय, रोजगार सेवा केन्द्र, धनगढी तथा प्रधानमन्त्री रोजगार कार्यक्रमको वेवसाइट www.pmep.gov.np बाट निशुल्क प्राप्त गर्न सकिने छ ।

प्रधानमन्त्री रोजगार कार्यक्रमको सोच विपन्न तथा जीवनयापन जोखिममा परेकावर्गलाई सामाजिक सुरक्षाको दायरामा ल्याउन न्यूनतम रोजगारी प्रदान गरी सहयोग पुर्याउने भएकोले सोही बमोजिमका व्यक्तिहरुलाई निवेदन दिनको लागि अनुरोध गरिन्छ, साथै सूचीकरणको लागि निवेदन दिदा निवेदक र निजका परिवारको यथार्थ र निवेदनमा उल्लेखित सम्पूर्ण विवरण अनिवार्य रुपमा भर्नुहुन अनुरोध गरिन्छ ।

**निवेदनसाथ पेश गर्नुपर्ने कागजातहरु :**

१) निवेदकको १ प्रति नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।

२) निवेदकको १ प्रतिपासपोर्ट साईजको फोटो ।

३) निवेदक सहित परिवारका सम्पूर्ण सदस्यहरुको नाम, नाता, जन्ममिति, नागरिकता नं., जारी मिति तथा जिल्ला ।

४) निवेदक सहित परिवारका सम्पूर्ण सदस्यको शैक्षिक योग्यता, सिप, दक्षता तथा रोजगारीको अवस्था ( स्वदेश/विदेश/स्वरोजगार) ।

५) स्थायी बसोबास खुल्ने आवश्यक कागजातको प्रतिलिपि (ना.प्र. पत्र अन्यत्रबाट जारी भएको भए बसाईसराइ प्रमाणपत्रको प्रतिलिपि र ना.प्र. पत्रमा स्थायी ठेगाना अन्यत्र उल्लेख भएको विवाहित महिलाको हकमा विवाहदर्ता प्रमाणपत्रको प्रतिलिपि) ।

६) कुल वार्षिक पारिवारिक आय, परिवारका कुनै सदस्यहरुले सामाजिक सुरक्षाकोष, अन्य सरकारी कोष वा रोजगारदाताबाट कुनै सहायता या आम्दानी लिएको नलिएको विवरण ।

७) यदि निवेदक वैदेशिक रोजगारीबाट फर्किएको वा श्रम स्वीकृती लिई वैदेशिक रोजगारीमा जान नपाएको व्यक्ति भएमा तपसिल बमोजिमको विवरण ।

देश ................................................. पासपोर्ट नं. ..............................................

विदेशमा गरेको कामसंग सम्बन्धित सीप .............................................................................

८) निवेदनमा उल्लेखीत सम्पुर्ण विवरण अनिवार्य रुपमा भरेको र वडा कार्यालयबाट प्रमाणित भएको निवेदनमात्र सूचिकृत गरिने छ ।

**थपजानकारीको लागि सम्बन्धीत वडा कार्यालय तथा रोजगार सेवा केन्द्रमा सम्पर्क गर्न सकिने छ ।**